नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
# नापी विभाग
( योजना तथा जग्गा प्रशासन शाखा )

फोन नं. ४६२१७१०, ४६२२७४२, ४६२२७१३, ४६२२७३३
फ्याक्स नं. ४६२२९५७
इमेल : info@dos.gov.np

मिनभवन,
काठमाडौं, नेपाल

पत्र संख्या:- ३/०७५/०७६
प्राप्त पत्र संख्या:.............
च.नं.: ९४४

मिति : २०७५।०८।०७

विषय : **परिपत्र सम्बन्धमा** ।

श्री नापी कार्यालयहरू,
सबै ।

प्रस्तुत विषयमा नापी कार्यालयहरूले दैनिक कार्य सम्पादन गर्दा जग्गा (नाप जाँच) ऐन, २०१९ जग्गा (नाप जाँच) नियमावली, २०५८ र जग्गा नाप जाँच तथा नक्सा श्रेस्ता अध्यावधिक सम्बन्धी निर्देशिका, २०७३ को पालाना गरेकै हुनु पर्दछ । कार्य सम्पादनका क्रममा सरकारी, सार्वजनिक जग्गाको संरक्षणमा विशेष ध्यान पुर्याउनु आवश्यक भएकोले उल्लेखित ऐन, नियमावली र निर्देशनमा भएकै व्यवस्था वमोजिम देहायको विषयहरूलाई विशेष ध्यानमा राख्न यो परिपत्र जारी गरिएको छ ।

१. सरकारी, सार्वजनिक जग्गा सँग जोडिएको व्यक्तिको जग्गाको टायलचेक गर्दा क्षेत्रफल बढ कायम हुने अनिवार्य रूपमा फिल्ड निरिक्षण र फिल्ड प्रतिवेदन लिई मात्र क्षेत्रफल संशोधनको कारवाही अगाडी बढाउने ।
२. सरकारी, सार्वजनिक जग्गा सँग जोडिएको फायल नक्साहरूबाट कित्ताकाट लगायतको कार्य सम्पादन गर्दा सक्कल नक्सासँग फायल नक्सा भिडाई चेक जाँच गरी मात्र सम्बन्धित कारवाही अगाडी बढाउने ।
३. कित्ता एकिकण गर्दा सरकारी, सार्वजनिक जग्गा सँग जोडिएको कित्ताहरूमा हकमा अनिवार्य फिल्ड निरिक्षण र फिल्ड प्रतिवेदन लिई कारवाही अगाडी बढाउने ।

(गणेशप्रसाद भट्ट)
महानिर्देशक